☎ ०८७-५५००६१
९९४८७०१२०

✉ ito.chharkatangsong.gov.np@gmail.com
info@chharkatangsongmun.gov.np

# छार्का ताङसोङ गाउँपालिका

ཚ་དཀར་སྟེང་སོང་གྲོང་སྡེ་ལྟེ་ཁང་།

Chharka Tangsong Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

कागकोट, डोल्पा

कर्णाली प्रदेश, नेपाल

प.सं.: २०८३/०८४ मिति: २०८३/०४/०४

च.नं.: ११ ने.सं.: ११४६ दिल्लाथ्व सप्तमी सोमबार

## सूची दर्ता गर्ने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०४/०४)

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६क र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ मा व्यवस्था भए अनुसार आ.व. २०८३/०८४ को लागि यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक खरिद विधि अवलम्बन गर्न तपसिल बमोजिमका सामान तथा सेवाहरू आपूर्ति गर्ने आपूर्तिकर्ता/फर्म/कम्पनी/व्यवसायी/उद्योग/सेवा प्रदायकहरूको मौजुदा सूची (Standing List) तयार गर्नु पर्ने भएकाले इच्छुक सम्बन्धित आपूर्तिकर्ता/फर्म/कम्पनी/व्यवसायी/उद्योग/सेवा प्रदायकहरूले आफ्नो फर्म/कम्पनी/संस्था तथा उद्योगको दर्ता वा इजाजतपत्र, PAN/VAT दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ को कर चुक्ताको प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, नवीकरण गरेको क्षेत्रभित्रको लागि प्रमाणित प्रतिलिपिहरू र आफूले गर्ने कामको विवरणको निवेदन सहित यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सूची दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी आएका निवेदन उपर कुनै कारबाही हुने छैन।

क) <u>मालसामान आपूर्ति तर्फ:</u>

१. कार्यालय सामान, स्टेशनरी तथा मसलन्द।

२. छपाई सम्बन्धी/प्रेस सम्बन्धी कार्यहरू।

३. कम्प्युटर, प्रिन्टर, फ्याक्स, फोटोकपी, स्क्यानर, यूपीएस, कार्टेज, टोनर लगायत नेटवर्किङ, स्वचिङका इलेक्ट्रोनिक्स सामान।

४. सौर्य ऊर्जा सम्बन्धी सामान।

५. काठ तथा मेटलका फर्निचर तथा फिनिसिङ्ग ।

६. साईन बोर्ड, होर्डिङ बोर्ड, कपडा तथा फ्लेक्स व्यानर निर्माण र लेखन सम्बन्धी कार्य।

७. खाद्य, औषधि तथा सरसफाइ सम्बन्धी सामानहरू।

८. मेडिकल उपकरण, औजार र औषधि सम्बन्धी।

९. पशुपंक्षीहरूको लागि औषधि र कृषिको लागि बिउबिजन सम्बन्धी।

१०. इन्धन तथा पेट्रोलियम पदार्थ तथा ग्याँसहरू।

११. स्याउ,ओखर विरुवा तथा नर्सरी सम्बन्धी सामानहरु ।

१२. अन्य विविध सामान आपूर्ति।

२०८३/०४/०४

विशाल पौडेल

नि.प्रमुख प्रशासकीय अधिकृत

क) सेवा आपूर्ति/परामर्श सेवा तर्फः

१. परामर्श सेवा प्रदायकहरू इन्जिनियरिङ डिजाईन र अन्य परामर्श सेवा प्रदायकहरू।

२. विज्ञापन मुद्रण सम्बन्धी कार्यहरू।

३. बिमा सेवा सम्बन्धी कार्यहरू।

४. इन्टरनेट तथा वेबसाइट/सफ्टवेयर डिजाइन, निर्माण तथा मर्मत सेवा।

५. गैर सरकारी संस्थाहरू - सेवा खरिद एवं काम गराउने सम्बन्धी।

६. अध्ययन अनुसन्धान सम्बन्धी परामर्श सेवा।

७. श्रव्य - दृश्य सामग्री निर्माण।

ख) निर्माण कार्य, अन्य सेवा खरिद तथा मर्मत सम्भार तर्फः

१. भवन भित्रका पार्टिसन सम्बन्धी कार्यहरू।

२. सवारी साधनहरू भाडामा लिने कार्य।

३. फर्निचर तथा फिक्चर्स मर्मत।

४. कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन लगायतका विद्युतीय सामग्रीहरूको मर्मत।

प्रमुख प्रशासकीय अधिकृत

# छार्का ताङसोङ गाउँपालिका

[illegible]

**Chharka Tangsong Rural Municipality**

# गाउँ कार्यपालिकाको कार्यालय

कामकोट, डोल्पा

कर्णाली प्रदेश, नेपाल


**मौजुदा सूचीमा दर्ता हुनका लागि दिइने निवेदनको ढाँचा:**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
छार्का ताङसोङ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, कामकोट, डोल्पा ।

मिति:२०८३।०४।...

**विषय: मौजुदा सूचीमा दर्ता गरी पाऊँ।**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम (१) बमोजिम तपसिलमा उल्लिखित विवरण अनुसारको कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु।

तपसिल:

१. मौजुदा सूचीको लागि निवेदन दिने व्यक्ति/संस्था/आपूर्तिकर्ता/निर्माण व्यवसायी/परामर्शदाता वा सेवा प्रदायकको विवरण:

क) नाम:

ख) ठेगाना:

ग) पत्राचार गर्ने ठेगाना:

घ) मुख्य व्यक्तिको नाम:

ङ) टेलिफोन नं.:

च) मोबाइल नं.:

२. मौजुदा सूचीमा दर्ता हुनका लागि निम्न बमोजिमका प्रमाणपत्र संलग्न गर्नुहोला।

क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र।

ख) नवीकरण गरिएको हुनुपर्ने।

ग) मूल्य अभिवृद्धि कर (VAT) वा स्थायी लेखा नम्बर (PAN) दर्ताको प्रमाणपत्र।

घ) कर चुक्ताको प्रमाणपत्र।

ङ) कुन खरिदको लागि मौजुदा सूचीमा दर्ता हुन निवेदन दिने हो सो कामको लागि इजाजतपत्र आवश्यक पर्ने भएमा सोको प्रतिलिपि।

३. यस कार्यालयबाट हुने खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरण:

क) मालसामान आपूर्ति (मालसामानको प्रकृति समेत उल्लेख गर्ने):

ख) निर्माण कार्य:

ग) परामर्श सेवा (परामर्श सेवाको प्रकृति समेत उल्लेख गर्ने):

घ) अन्य सेवा (अन्य सेवाको प्रकृति समेत उल्लेख गर्ने ।

निवेदकको नाम:

हस्ताक्षर:

निवेदन दिएको मिति:

आर्थिक वर्ष:२०८३।०८४

फर्मको छाप:

२०८३/०४/०४

विशाल पौडेल
प्रमुख प्रशासकीय अधिकृत